# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः २०८०।९।१२

# भाग-२

**बनेपा नगरपालिका**

## सहकारी संस्थाको आन्तरिक अनुगमन तथा स्वःमूल्याङ्कन मापदण्ड २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।८।२९**

# सहकारी संस्थाको आन्तरिक अनुगमन तथा स्व:मूल्याङ्कन मापदण्ड २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।८।२९**

**प्रस्तावनाः**

वनेपा नगरपालिकाको नियमन क्षेत्रभित्र भएका सवै किसिमका सहकारी संस्थाहरूको सवै नगरवासीहरू तथा सम्वन्धित संस्थाका सदस्यहरूलाई संस्थागत गतिविधिहरूको वारेमा नियमित, सरल, विश्वसनीय, पारदर्शी र यथार्थपरक ढंगले जानकारी गराई व्यक्तिगत र सामाजिक जीवनको एउटा अभिन्न अंगको रूपमा सहकारी संस्थाको आवश्यक्ता, महत्व र उपस्थितिलाई स्थापित गर्दै सहकारी संस्थाको वित्तीय, शासकीय तथा अन्य अवस्था र गतिविधिहरूको संस्था स्वयम्ले आन्तरिक अनुगमन तथा स्व मूल्यांकन गरी प्राप्त नतिजालाई नगरसँगको समन्वयमा नियमित प्रकाशन तथा सार्वजनिक गरी सहकारी संस्थाहरूको संस्थागत विकास, सुदृढीकरण तथा प्रवर्द्धन गर्न संस्थालाई आन्तरिक रूपमा थप स्वायत्तता र अधिकार सम्पन्न वनाउन वाञ्छनीय भएकोले बनेपा नगरपालिकाले सहकारी संस्थाहरूको आन्तरिक अनुगनमन तथा स्व मूल्यांकन मापदण्ड २०८० वनेपा नगरपालिकाको सहकारी ऐन २०७५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मिति २०८० साल मंसिर २९ गते बसेको नगरकार्यपालिकाको बैठकबाट पारित गरी जारी गरिएकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम वनेपा नगरपालिकाको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरूको आन्तरिक अनुगमन तथा स्व मूल्यांकन मापदण्ड २०८० रहेको छ । यसलाई संक्षिप्तमा अंग्रेजीमा क्म्थ्इक मापदण्ड भनिनेछ ।

(२) यो मापदण्ड वनेपा नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) SEKYYOS भन्नाले See and know your own face yourself and go ahead seriously भन्ने वुझिन्छ ।

(प्रष्टिकरण : जसरी कुनै पनि व्यक्तिले आफै ऐना बोक्छ भने उसले ऐनामा आफ्नो अनुहार हेर्छ, अनुहार हेर्दा अनुहारमा केहि फोहोर मैला लागेको छ भने देख्छ र आफै सफा गर्दछ । फेरी पनि पूरा सफा भएको नदेखे पुन सफा गर्दछ र न फेरी कुनै फोहोर पो लाग्यो कि भनी पटक पटक ऐनामा आफ्नो अनुहार हेरिरहन्छ । यदि ऐना वोकेको छैन भने वा वोकेर पनि आफ्नो अनुहार ऐनामा हेर्दैन भने उसले फोहोरी अनुहार लिएर नै हिडडुल गर्दछ । कुनै बेला त्यो फोहोरले अनुहारमा कुनै किसिमको संक्रमण भई अनुहारमा घाउ हुन सक्छ, अनुहारको संकक्रण अन्य शरीरमा फैलिएर उसको जीवननै विग्रने वा सकिने वा नासिने वा मासिने पनि हुन सक्छ । ठीक त्यसै प्रकार हरेक सहकारी संस्थाका सदस्यहरूले आफ्नो संस्थामा आफ्नो वचतको अवस्था के छ, संस्थाको वितीय गतिविधिहरूको अवस्था कस्तो छ, सन्चालकहरूले आफ्नो वचतको सुरक्षाको लागि कत्तिको महत्व दिइरहेका छन् भन्ने जस्ता कुराहरूमा सवै सदस्यहरूले वुझ्नु पर्दछ, चासो राख्नु पर्दछ, संस्थाले पनि यस्तो वुझ्ने वातावरण सरल, सहज, पारदर्शि, विश्वसनीय वनाउँनु पर्दछ र सदस्यहरूले यस्तो चासोको निरन्तरतता प्रतिको गाम्भिर्यता पनि देखाउनु पर्दछ । कहिल्यै पनि सदस्यहरू आफ्नो संस्थाका गतिविधि प्रति ढुक्क हुनु हुँदैन । सधै चनाखो हुनु पर्दछ । यहि अवधारणा, मान्यता वा सिद्धान्तका आधारमा सहकारी संस्थाहरूले तयार पार्ने अभिलेख, यसले गर्ने आन्तरिक अनुगमन, स्व मूल्याकन तथा नतिजा प्रकाशन र यस्ता कुराहरूमा सदस्यहरूले निरन्तर गर्ने खवरदारी जस्ता कुराहरू समेतलाई समग्रमा SEKYYOS ( See and know your own face yourself and go ahead seriously) भनिन्छ । यसलाई एक शब्दमा भन्नु पर्दा सहकारी संस्थाहरूको "ऐना" पनि भनिन्छ ।

(ख) नगर भन्नाले वनेपा नगरपालिका नगरकार्यापालिकाको कार्यालयलाई वुझाउनेछ ।

(ग) संस्था भन्नाले वनेपा नगरपालिकाको नियमन क्षेत्रभित्रका सवै प्रकृतिका सहकारी संस्थाहरूलाई वुझाउँछ ।

(घ) मापदण्ड भन्नाले SEKYYOS मापदण्डलाई वुझाउँछ ।

(ङ) सहकारी सहयोग तथा समन्वय समिति भन्नाले नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम ४ बमोजिम गठित समितिलाई वुझाउँछ ।

(च) आकास भन्नाले दफा ३ बमोजिम गठन भएको आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समितिलाई बुझाउँछ । यसलाई छोटकरीमा आकास भनिन्छ ।

(छ) दफा भन्नाले SEKYYOS मापदण्डमा भएका दफाहरूलाई बुझाउँछ ।

(ज) उप दफा भन्नाले यहि मापदण्डका विभिन्न दफाहरूको उप दफालाई बुझाउँछ ।

(झ) आन्तरिक अनुगमन तथा स्वमूल्याङ्कन मापदण्डलाई छोटकरीमा SEKYYOS मापदण्ड भनिनेछ ।

(ञ) SAS अनुगमन भन्नाले अनुसूची ५ मा उल्लेख भए बमोजिमको अनुगमनलाई बुझाउनेछ ।

(ट) DUNGVE विश्लेषण भन्नाले अनुसूची ६ मा उल्लेख भए बमोजिमलाई बुझाउनेछ ।

## परिच्छेद २
## आन्तरिक अनुगमन तथा कारवाही सिफारीस सम्वन्धी व्यवस्था

**(३) सहकारी संस्थाले आफ्नो आन्तरिक अनुगमन गर्न तथा कारवाहीको लागि सिफारीस गर्न देहाय बमोजिमको एउटा समितिको गठन गर्नेछ ।**

(१) नगरको नियमन क्षेत्रभित्रका सवै प्रकृतिका सहकारी संस्थाहरूले आफ्नो संस्थाको आन्तरिक अनुगमन तथा आवश्यक कारवाहीका लागि सिफारीस गर्न संस्थाको साधारण सभाबाट संस्थाका सदस्यमध्येबाट अन्य कुनै पनि समिति वा उप समितिमा नरहेको व्यक्तिहरू उम्मेदवार हुने गरी एक जना संयोजक, एक जना सह संयोजक र अन्य तीन जना सदस्य गरी जम्मा पाँच सदस्यीय आन्तरिक अनुगमन तथा कारवाही सिफारिस समितिको निर्वाचन हुनेछ ।

(२) पदावधि : यस समितिको सवै सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारहरु :**

समितिको काम, कर्तब्य र अधिकारहरू तपसिल बमोजिम हुनेछ ।

(१) यसको प्रमुख काम सहकारी संस्थालाई समाजमा हरेक व्यक्तिको निर्विकल्प सहयात्रीको रूपमा स्थापित गर्न संस्थामा भएका वा हुनसक्ने सवै किसिमका विकृति वा बेथितिलाई सम्वन्धित नियामक निकायसँग समन्वय गरी रोक्नु, नियन्त्रण गर्नु वा कम भन्दा कम गर्नु र संस्थाप्रतिको आम विश्वास र भरोसा वढाउन आवश्यक कार्य गर्नु हुनेछ ।

(२) संस्थाका वचतकर्ताहरूको वचत रकमको उच्च सुरक्षाको लागि सम्वन्धित सवै अन्य समिति, उप समितिहरूलाई कानून बमोजिम जिम्मेवार वनाउनु, संस्था भित्र गैरकानूनी काम गर्ने, संस्थाको अहित हुने गरी वा नोक्सान पुऱ्याउने गरी कुनै काम गरेको वा गर्न लागेको जुन सुकै समिति, उप समितिका पदाधिकारी वा सदस्यहरूलाई आन्तरिक रूपमा सच्चिन निर्देशन दिनु, सभा, जुनसुकै समिति, उप समितिका निर्णयहरूको अध्ययन गर्नु, सवै सस्थाको सम्पूर्ण वित्तीय अवस्थाको वारेमा SEKYYOS अवधारणा बमोजिमको विवरण वा जानकारी लिनु र सदस्यहरूलाई सो को

जानकारी गराउन आवश्यक वातावरण निर्माण गर्नु, संस्थामा भएका कमी, कमजोरी वा गल्तीहरूको गाम्भिर्यताका आधारमा आवश्यक कारवाहीको लागि सम्वन्धित नियामक निकायलाई लेखी पठाउनु यस समितिको मुख्य कर्तव्य हुनेछ ।

(३) संस्थाका सदस्यहरूको आय आर्जन वढाउने, गरिएको लगानीको उच्च सुरक्षाको प्रत्याभूती हुने वातावरण निर्माण गर्ने र गैरकानूनी काम गर्ने गराउने संस्थाका जुनसुकै सदस्य वा समिति, उप समितिका पदाधिकारी वा सदस्यहरूलाई अवस्था हेरी आन्तरिक सुधारको लागि सच्चिन निर्देशन दिने वा आवश्यक पर्‍यो भने चल, अचल सम्पत्ति रोक्का राख्न वा स्थानीय स्तरमा हुने सेवा सुविधा समेत स्थगन गर्न नियामक निकायलाई सिफारीस गर्ने सम्मको अधिकार यस समितिलाई हुनेछ ।

(४) यस समितिले अनुसुची १ बमोजिमको आफ्नो छुट्टै लेटर प्याड प्रयोग गर्नु पर्नेछ साथै समितिको संयोजकको अनुसूची २ बमोजिमको छाप पनि छुट्टै हुनेछ ।

(५) यस समितिले संस्थाको अन्य जुनसुकै समिति, उप समितिले गरेका काम कारवाहीको स्वतन्त्र ढंगले जाँचवुझ गर्ने, आवश्यक पर्‍यो भने नियामक निकाय वा सम्वन्धित अन्य निकाय मार्फत थप जाँचवुझ गराउन सक्नेछ ।

**५. समितिका सदस्यहरुको पुन निर्वाचन तथा वर्खास्ती सम्वन्धी व्यवस्था :**

(१) तपसिल बमोजिमको अवस्थामा समितिका संयोजक तथा सदस्यहरूको वर्खास्ती तथा पुन निर्वाचन हुनेछ ।

(क) संस्थाका सदस्यहरूले संस्थाको विभिन्न गतिविधिहरूको निगरानी नगरेमा वा संस्थामा भएका कानून विपरित कार्यहरू वा वचतकर्ताहरूको वचत जोखिममा पर्ने गरी भएका कुनै पनि कार्यको अनुगमन नगरेमा वा गरे पनि त्यसको सुधारका लागि कुनै पहल नगरेमा वा कारवाहीको लागि नियामक निकायमा समयमा नै सिफारीस नगरेमा वा सन्चालक समिति वा अन्य समिति वा उप समितिले गरेको काम कारवाहीको कारण संस्था गम्भिर समस्यामा पर्ने अवस्था भए पनि समितिले वेवास्ता गरेमा वा गैर जिम्मेवार भई वचतकर्ताहरूको रकम डुब्ने जोखिम भएमा समितिका संयोजक वा सदस्यरूलाई नगरपालिकाले वर्खास्त गरी पुनः

निर्बाचन गराउन निर्देशन दिनसक्नेछ ।

(ख) माथि उप दफा (१) को खण्ड क मा उल्लेख भए बमोजिम समितिको पनि निश्क्रियता भएको छ भन्ने कुरामा नगरपालिका विश्वस्त भएमा समितिका संयोजक वा सदस्यहरूको चल अचल सम्पत्ति समेत नगरपालिकाले रोक्का राख्न सम्वन्धित निकायलाई पत्राचार गर्न सक्नेछ ।

६. **समितिको संयोजकले नगरस्तरीय सहकारी समन्वय तथा सहयोग समितिमा प्रतिनिधित्व गर्ने** :

(१) नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम ४ बमोजिम गठित समितिमा यस नगरको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूको तपसिल बमोजिमको प्रतिनिधित्व रहनेछ ।

(क) एक सय वा सो भन्दा कम सहकारी संस्थाहरू रहेको अवस्थामा उक्त सहकारी संस्थाहरूको आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समितिको संयोजक मध्येबाट छनौट भएको एक जना र प्रत्येक थप सय सहकारी संख्याको लागि क्रमशः एक एक जना थप हुँदै जानेछ ।

(ख) यसमा उल्लेख भए बमोजिम छनौट सम्वन्धी आवश्यक कार्यको व्यवस्था नगरपालिकाले गर्नेछ ।

(ग) यस्तो छनौट सम्वन्धी कार्य नगरले तोकेको समय भित्र सम्पन्न हुनेछ ।

(घ) यसमा उल्लेख भए बमोजिमको सदस्य सहितको नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम ४ बमोजिमको समितिको वैठक माघ समान्त भित्र वस्नु पर्नेछ ।

७. **समितिको जवाफदेहिता** :

(१) यो समिति तपसिल बमोजिमको कार्यको लागि जवाफदेही हुनेछ ।

(क) संस्थाको स्वः मूल्यांकनको नतिजा मासिक रूपमा प्रकाशन नभएमा वा प्रकाशन हुने अवस्थामाथि शंका गर्ने पर्याप्त आधार देखिएमा त्यसको लागि संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, कोषाध्यक्ष र प्रवन्धकलाई औपचारिक जानकारी गराउनु पर्ने र त्यो गर्दा पनि अटेर गरे आवश्यक कारवाही गर्न यो समितिले नगरपालिकालाई सिफारीस गर्नुपर्ने, त्यसो नगरे

संस्थाबाट हुन सक्ने जोखिम प्रति समितिका पदाधिकारीहरू समेत जवाफदेही हुनेछन् ।

(ख) संस्थाका कुनै समिति, उप समिति वा पदाधिकारी वा सदस्यहरूबाट संस्थाको हित विपरित वा प्रचलित ऐन कानून विपरित काम गरेको अवस्थामा आवश्यक कारवाहीको लागि नगरपालिकालाई सिफारीस गर्ने कार्यको लागि यो समितिका सवै पधाधिकारी तथा सदस्यहरू जवाफदेही हुनेछन् ।

(२) दफा ७ को उप दफा १ को खण्ड क र ख बमोजिम समितिले समयमै सस्थाको अवस्थाको वारेमा नियामक निकाय र सम्वन्धित सदस्यहरूलाई नदिएका कारण पछि संस्थामा कुनै अन्य समस्या देखिएमा त्यस प्रति समितिको संयोजक मुख्य रूपमा जिम्मेवार हुनेछन् ।

(३) यस दफा बमोजिम समितिले जवाफदेहिता वहन गरेको नदेखिएमा वा दफा ४ को उप दफा २ बमोजिमको कर्तव्य पालना गरेको नपाईएमा समितिका संयोजक तथा सदस्य सवैलाई संस्थाका सन्चालक समितिका पदाधिकारीहरूलाई भए सरहको कारवाही हुनेछ ।

**८. समितिको निर्णयको आधार र निर्णय प्रक्रिया :**

(१) समितिले निर्णय गर्दा तपसिल बमोजिमको कुराहरूलाई आधार मान्नु पर्नेछ ।

(क) निर्णय र छलफल संस्थाको हित र वचतकर्ताहरूको वचतको सुरक्षा तथा प्रवाह गरेको ऋण लगानीको जोखिम न्यूनीकरणमा केन्द्रित हुनुपर्नेछ ।

(ख) संस्थाको हित विपरित हुने गरी भएका कुनै पनि कार्यप्रति जिम्मेवार सम्वन्धित कुनै समिति वा उप समितिका पदाधिकारी वा सदस्यहरू, कर्मचारी वा साधारण सदस्य प्रति कमजोरी सुधार गर्नको लागि आवश्यक निर्देशन दिन तर्फ केन्द्रित हुनु पर्नेछ ।

(ग) संस्थाको अहित हुने गरी वा वचतकर्ताको वचत रकम नै जोखिममा पर्ने गरी कुनै काम भई रहेको वा भई सकेको छ भने सम्वन्धित पदाधिकारी वा सदस्यहरूलाई आवश्यक कारवाही गर्नको लागि सम्वन्धित नियामक निकायलाई सिफारीस गर्न तर्फ केन्द्रित हुनु पर्नेछ ।

**(२) निर्णय प्रक्रिया :**

समितिको निर्णय प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) सामान्यतया : समितिको निर्णय सर्वसम्मत हुनु पर्नेछ ।

(ख) दुई जना सदस्यको मत वाझिएमा निर्णय पुस्तिकामा फरक मत राख्ने सदस्यले आफ्नो असहमतिको कारण संक्षिप्तमा उल्लेख गर्नु पर्नेछ ।

(ग) मत वाझिएको अवस्थामा संयोजकले दफा ७ को उपदफा १ लाई ध्यानमा राखी निर्णायक मत दिई निर्णय प्रक्रियालाई अन्तिम रूप दिनु पर्नेछ ।

(घ) खण्ड ख बमोजिम असहमति जनाईएको निर्णयको छायाँकपी संयोजकले नगरपालिकामा सात दिन भित्र पठाउनु पर्नेछ । सो सम्वन्धमा नगरपालिकाले आवश्यक ठानेमा संस्थाको अनुगमन गरी सम्वन्धित पक्षहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**९. अनुगमन गर्ने विषयवस्तुहरु:**

समितिले संस्थाको वित्तीय, शासकीय तथा अन्य जुनसुकै विषयवस्तुको अनुगमन गर्न सक्नेछ ।

**१०. अनुगमन सहजीकरण समूह वनाउन सक्ने :**

ऋण लगानी गर्नु पूर्व, ऋणको थप किस्ता दिनु पूर्व लगानीको अवस्था, ऋणीको पहिलेको आचरण, सम्वन्धमा समितिले लगानी हुने स्थान वा ठाउँ वा ऋण लिने सदस्य वसेको क्षेत्रकै उपयुक्त सदस्यहरूलाई सो विषयमा यस समितिले तोके बमोजिमको काम गर्ने गरी तीन जना सम्मको अनुगमन सहजीकरण समूह गठन गर्न सक्नेछ । यस्तो समूहको संख्या आवश्यक्ता बमोजिम हुन सक्नेछ । यस समूहले स्वतन्त्र, निश्पक्ष र पारदर्शिढंगले काम गर्नको लागि अन्य कुराहरू समिति आफैले निर्णय गरी तोके बमोजिम हुने छ ।

१०.१ दफा १० मा उल्लेख भए बमोजिम गठन हुने अनुगमन सहजीकरण समूहको पदावधी चार वर्षको हुनेछ । तर यस समूहका कुनै सदस्यहरूको काम चित्त वुझ्दो भएन भन्ने आकासलाई लागेमा निजलाई आकासको बैठकबाट हटाई अर्को व्यक्ति नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद ३
## स्व मूल्यांकन सम्वन्धी व्यवस्था

११. संस्थाले SEKYYOS अवधारणा अनुरूप विभिन्न सूचकहरूको आधारमा आफ्नो मूल्यांकन आफै गरी त्यसको जानकारीको लागि नगरसँग समन्वय गरी मासिक रूपमा उपयुक्त विधिबाट सार्वजनिक गर्नु पर्नेछ ।

१२. स्व मूल्यांकनको लागि संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र प्रवन्धक जिम्मेवार हुनेछन् ।

१३. प्रत्येक महिनाको स्व मूल्यांकनको नतिजा महिना भुक्तान भएको मितिले १५ दिन भित्र अनिवार्यरूपमा सार्वजनिक गर्नु पर्नेछ ।

१४. स्व मूल्यांकनका सूचकहरू अनुसूची ३ मा उल्लेख भए बमोजिम हुने छन् । नगरपालिकाले त्यस्ता सूचकहरू समय समयमा थप घट गर्न सक्नेछ ।

१५. सस्थाको स्व मूल्यांकनका आधारमा संस्थाहरूलाई नगरभित्र उत्कृष्ट सहकारीको सूची सार्वजिनक गर्ने क्रममा नगरले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र आवेदन माग गर्न सक्नेछ ।

१६. दफा १५ बमोजिम आवेदन दिने संस्थाहरूले स्व मूल्यांकनका सूचकहरूको आधारमा आ आफ्नो दावी पेश गर्नु पर्नेछ । यस्तो दावीका सम्वन्धमा नगरले स्थानीय पत्रकार, संस्थाको मुख्य कार्यालय रहेको वडाको वडा अध्यक्ष वा सो वडाका प्रतिनिधि तथा सम्वन्धित विषय विज्ञ लगायत आवश्यक्ता बमोजिम जनशक्ति तयार पारी संस्थाले पेश गरेको सूचक समेतको परीक्षणको लागि विशेष अनुगमन गरी उत्कृष्ट सहकारीका निश्चित संख्या सम्मको क्रममा निर्धारण गरी सो बमोजिमको नतिजा सार्वजनिक गरी त्यस्ता संस्थालाई पुरस्कृत गर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था नगरले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४
## अनुगमन सम्वन्धी व्यवस्था

**१७. संस्थाहरुको अनुगमन तपसिल बमोजिम हुनेछ** :

(क) आन्तरिक अनुगमनः यो अनुगमन संस्थाले आफैले आफ्नै अनुगमन यस मापदण्डको परिच्छेद २ मा उल्लेख भएको व्यवस्था बमोजिम गर्नेछ । यस सम्वन्धी अन्य व्यवस्थाहरू सोही परिच्छेदका विभिन्न दफा, उप दफाहरूमा भएको व्यवस्था बमोजिम हुनेछ ।

(ख) वाह्य अनुगमनः यो अनुगमन संस्थाको नियामक तथा सम्वन्धित अन्य निकायहरूबाट तोकिए बमोजिम हुनेछ ।

(ग) नगरले गर्ने अनुगमन नियमित रूपमा हुने, छट्के वा आकस्मिक रूपमा हुने र विषेशज्ञ वा दक्ष जनशिक्त समेत भई सोहि रूपमा आवश्यकत्ताका आधारमा गर्न सक्नेछ । यस्तो व्यवस्थाका सम्वन्धमा नगरले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(घ) संस्थाको मुख्य कार्यालय रहेको वडा समितिले सो संस्थाको वित्तीय र व्यक्तिगत विवरणको गोपनीयता कायम राख्न सो वाहेक स्वः मूल्यांकनको नतिजाका आधारमा सम्वन्धित सूचकहरूको अवस्थाको वारेमा वर्षको एक पटक अनुगमन गर्नु पर्नेछ ।

(घ) वित्तीय विशेषज्ञ सेवा लिनेः नगरले वित्तीय विषेशज्ञ सेवाको लागि आफ्नो नियमन क्षेत्राधिकार भन्दा वाहिरका कुनै पनि वित्तीय संस्थाका वहालवाला प्रवन्धकहरू, वनेपा नगरपालिकामा स्थायी बसोवास रहेका वित्तीय क्षेत्रका अवकास प्राप्त कम्तीमा सिनियर अधिकृत मध्येबाट आवेदन माग गरी उपयुक्तताका आधारमा नगर प्रमुखले वढीमा दुई जना सम्मको सूची तयार गर्नेछन् । यस्तो सूचीमा रहेका विज्ञ व्यक्तिहरू मध्येबाट आवश्यत्ताका आधारमा नगरले सेवा लिनेछ । यस सम्वन्धी अन्य कुराहरू नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम ४ बमोजिमको समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५
## कारवाही सम्वन्धी व्यवस्था

**१८. संस्थालाई हुने कारवाही सम्वन्धी व्यवस्था :**

सहकारी संस्थालाई हुने संस्थागत कारवाही तथा अन्य जिम्मेवार पदाधिकारीहरूलाई हुने कारवाहीका सम्वन्धमा सहकारी सम्वन्धी विद्यमान ऐन, कानून बमोजिम नै हुनेछ ।

**१९.** दफा १८ बमोजिमको अवस्था वाहेक प्रचलित ऐन कानून, सहकारी सम्वन्धी नगरको ऐन, कानून, नीति, निर्देशन, मापदण्ड र संस्थाको विनियम तथा नीतिहरू र निर्णय बमोजिम गर्ने वा गर्नु पर्ने भनिएका कार्यहरू नगरेको पाईएमा त्यसको लागि प्रचलित ऐन, कानून, नीति, नियम र यस मापदण्डको अन्य दफाहरूमा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा कानून अनुसार जो जिम्मेवार हुनु पर्ने हो सोही व्यक्तिलाई प्रथम पटक भए प्रति कार्य रू. ५०।–, सोही प्रकृतिको कार्यको लागि दोस्रो पटक भए प्रति कार्यको लागि रू. ५००।– र तेस्रो पटक पनि सोही अवस्था दोहोरिएको पाईएमा प्रति कार्यको लागि रू.१०००।– जरिवाना गरी अन्य लिखित स्पस्टीकरण लिई कानूनमा भए बमोजिम अन्य कुराहरूको अतिरिक्त खारेजी सम्मको प्रक्रिया अघि वढाउन सकिने छ ।

**२०.** दफा १९ बमोजिम प्राप्त जरिवाना रकम नगरपालिकाले छुट्टै खाता खोली जम्मा गर्ने व्यवस्था गर्न सक्नेछ ।

**२१.** सहकारी संस्थाहरूले तिर्ने राजस्व वा कर र प्राप्त हुने जरीवाना रकम मध्ये केहि वा त्यसमा आवश्यक रकम नगरपालिकाले थप गरी उपयुक्त सहकारी संस्थाको छनौट गरी स्थानीय उत्पादन तथा रोजगारी वढाउने र त्यसको वजारीकरण गर्ने वा आफ्नो कार्यक्षेत्र भित्र सामाजिक वा सामुदायिक हितका कुनै पनि रचनात्मक कार्यको लागि क्रियाशिल भई रहेका वा हुने प्रस्तावना पेश गरी आवश्यक कार्य गर्न ईच्छुक सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने कार्यको लागि खर्च गर्ने व्यवस्था गर्न सक्नेछ । तर त्यसको प्रभावकारी कार्यान्वय नगरेमा वा दुरूपयोग भएमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र प्रवन्धकबाट तोकिए बमोजिम

असुल उपर गरिनेछ ।

**२२**. प्रत्येक सहकारी संस्थाहरूको प्रवन्धकहरूले सहकारी सम्वन्धी विभिन्न ऐन कानून, नीति, नियम, संस्थाको विनियम, नीति, कार्यविधि, वा मापदण्ड बमोजिम कहिले, कसले, के गर्ने वा नगर्ने, गरे गराएमा कसलाई के वा कस्तो जरिवाना वा सजाय हुन्छ भन्ने कुराहरूको सुची वा विवरण तयार गरी सम्वन्धित सवै पदाधिकारी र कर्मचारीहरूलाई अनुसूची ४ बमोजिमको विवरण सहितको जानकारी गराउन आवश्यक तालिम सन्चालन गर्नुपर्नेछ तर यस्तो जानकारी नगराए पनि त्यस्तो जानकारी थिएन भन्ने छुट सम्वन्धित व्यक्तिहरूलाई हुनेछैन ।

**२३**. सहकारी संस्थाको सन्चालक समिति वा आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समितिले तोकिए बमोजिम आवश्यक कारवाही गर्न नगरपालिकालाई लेखी पठाएमा नगरपालिकाले सो सम्वन्धमा थप कुराहरूको जाँचवुझ गरी आवश्यक कारवाही प्रक्रिया अघि वढाउनेछ ।

**२४**. वचतकर्ताहरूको वचतको सुरक्षाको लागि सन्चालक वा संस्थाका कुनै पनि जिम्मेवार पदाधिकारी  कर्मचारी वा सदस्यहरूबाट भएको गैर कानूनी कार्यप्रति नगरपालिकाले तत्काल उनीहरूको वा उनीहरूसँग सगोलमा भएका व्यक्तिहरू समेतको नाममा भएको अचल सम्पत्ति रोक्काको लागि सम्वन्धित मालपोत कार्यालयमा अनुरोध गरी अन्य कार्य कार्यहरू अघि वढाउन सक्नेछ ।

## परिच्छेद ६

## सूचकहरूको विश्लेषण :

**२५. संस्थाहरुको स्वः मूल्यांकन तथा स्तरीकरण सम्वन्धी व्यवस्था :**

संस्थाको आन्तरिक अनुगमन तथा स्व मूल्यांकन सम्वन्धी सूचकहरू तथा त्यसको विश्लेषण विधि अनुसूची ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

**२६. संस्थाको स्तरीकरण सम्वन्धी व्यवस्था :**

SAS अनुगमन तथा त्यसको विश्लेषणबाट प्राप्त नतिजालाई अनुसूची ६ मा उल्लेख भए बमोजिमको DUNGVE विश्लेषण विधिबाट संस्थाको स्तरीकरण गरिनेछ ।

## परिच्छेद ७
## विविध

२७. यस मापदण्ड बमोजिमको काम गर्न थप निर्णय वा अन्य केहि व्यवस्था गर्नु परेमा वा यसमा अस्पष्ट भएको विषयमा नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम ४ बमोजिम गठित सहकारी सहयोग तथा समन्वय समितिको बैठकबाट आवश्यक निर्णय भए बमोजिम हुनेछ ।

२८. संस्थाले गलत विवरण तयार गरेको वा विवरण ढाँटी वा सच्याई प्रतिवेदन तयार गरेको पाईएमा त्यसको लागि प्रचलित कानूनमा भए बमोजिम कारवाही हुनेछ ।

२९ दफा २८ बमोजिमको कार्यप्रति संस्थाको अध्यक्ष र प्रवन्धक मुख्य जिम्मेवार हुनेछन् ।

३०. नगरले सहकारी संस्थाको यस मापदण्ड बमोजिम भए गरेको व्यहोराहरूको सम्वन्धित सवैलाई जानकारी गराउने आवश्यक व्यवस्था मिलाउनेछ ।

३१. नगरपालिका भन्दा वाहिरको नियमन क्षेत्राधिकार भएका सहकारी संस्थाहरू मध्ये नगर भित्र मुख्य कार्यालय, शाखा कार्यालय, उप शाखा वा सेवा केन्द्र खोली काम गर्ने सहकारी संस्थाले पनि नगरले सार्वजनिक सूचना जारी गरेको मितिले ६ महिना भित्र सम्वन्धित संस्थाको नियामक निकायले तोके बमोजिम गरेको मूल्यांकनका आधारमा वा त्यस्तो निकायले मान्यता दिए बमोजिम गरेको स्व मूल्यांकनको नतिजा नगरपालिकामा वुझाउनु पर्नेछ । यसरी स्व मूल्यांकनको नतिजा नवुझाएमा सम्वन्धित नियामक निकायलाई सोको जानकारी गराई नगरवासीहरूलाई सचेत रहनको लागि आवश्यक जानकारी गराउन सक्नेछ । तर मिति २०८१ श्रावण महिना देखि भने त्रैमासिक रूपमा त्यस्ता संस्थाले आफ्नो स्वःमूल्याङ्कनको नतिजा नगरमा पनि बुझाउनु पर्नेछ ।

३२. दफा ३१ बमोजिमको संस्थाले यस नगरपालिका भित्र सन्चालन गर्ने शाखा, उप शाखा, सेवा केन्द्र वा मुख्य कार्यालयले यस वनेपा नगरपालिका भित्रका आफ्ना सदस्यहरूलाई अनुसूची ७ बमोजिमको वचत पास वुक यो मापदण्ड बमोजिम नगरपालिकाले सूचना निकालेको दुई महिना भित्र सो बचत पासबुकको सूचनामूलक संदेश नं. ११ हटाई १२ नं. मा गुनासो वा उजुरीको लागि निवेदन गर्ने निकाय कहाँ हो त्यो कुरा खुलाई जारी गरिसक्नु पर्नेछ ।

३३. दफा ३१ बमोजिमका संस्थाहरूले सो संस्थाका सन्चालक तथा अन्य समिति तथा उप समितिको विवरणको डिजिटल प्रति अनुसुची ८ बमोजिम नगरले सूचना निकालेको दुई महिना भित्र वुझाई सक्नु पर्नेछ ।

३४. दफा ३१, ३२ र ३३ बमोजिमको विवरण बुझाउन कुनै विशेष कारणले नभ्याएमा सो को लिखित जानकारी नगरपालिकालाई दिई नगरले सो सम्वन्धमा थप समय दिएकोमा वाहेक उक्त अवधिमा सो विवरण नबुझाउने संस्थाका सन्दर्भमा उक्त संस्थाको नियामक निकायलाई जानकारी गराई संस्थाको यस नगरपालिकाबाट व्यवसाय दर्ता खारेज गर्न समेत सकिनेछ । त्यस्को जानकारीको लागि नगरवासीहरूमा आवश्यक सूचना सम्प्रेशण गर्न सकिनेछ ।

## अनुसूची १
## मापदण्डको दफा ४ को ४ सँग सम्वन्धित

### आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समितिको लेटरहेडको नमूना

संस्थाको लेटरहेडमा थप निम्न कुराहरू राखी यस समितिको लेटरहेड वनाईनेछ ।

(आन्तरिक अनुगन तथा कारवाही सिफारीस समिति)

(नोट : यस समितिको दर्ता र चलानी आफ्नो छुट्टै हुनेछ । )

---

## अनुसूची २
## मापदण्डको दफा ४ साग सम्वन्धित

### आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समितिको छाप

संयोजकको छाप निम्न बमोजिमको हुनेछ ।

............................................ (नाम)
संयोजक
आन्तरिक अनुगन तथा कारवाही सिफारीस समिति

## अनुसूची ३
## मापदण्डको दफा १४ साग सम्वन्धित
## स्व मूल्यांकनका सूचकहरू

| सिं.न. | सूचक |
|---|---|
| १. | सवै सभा, समिति, उप समितिको अलग अलग रुपमा वसेको जम्मा वैठक सख्या |
| २. | सवै वैठकमा उपस्थित भएका सदस्य संख्या |
| ३. | जम्मा निर्णय सख्या |
| ४. | विशेष निर्णय |
| ५. | सामान्य निर्णय |
| ६. | निर्णय कार्यान्वयनको अवस्था |
| ७. | जम्मा सदस्य संख्या |
| ८. | जम्मा शेयर पुंजी |
| ९. | जम्मा वचत |
| १०. | वचतमा दिईएको जम्मा व्याज रकम |
| ११. | जम्मा ऋण लगानी |
| १२. | धितो मुल्यांकन गरी गरेको लगानी |
| १३. | विना धितो गरेको लगानी |
| १४. | भाखा नाघेको ऋण ( १ वर्ष भन्दा कम ) |
| १५. | भाखा नाघेको ऋण ( १ वर्ष भन्दा वढी ) |
| १६. | भाखा ननाघेको ऋण रकम |
| १७. | ऋण डुवन्त कोषमा भएको रकम |
| १८. | ऋण लगानीबाट ऋणीले प्राप्त गरेको उपलब्धी |
| १९ | तोकिएको क्षेत्रमा भन्दा अन्यत्र ऋण लगानी भएको भए सो को रकम |
| २०. | ............ संस्थाले तिरेको जरिवाना |
| २१. | .............. तिर्न वाँकी जरिवाना |
| २२. | ........... संस्थालाई भएको कारवाही संख्या |
| २३. | ........... सम्मको जम्मा नाफा |
| २४. | ......... महिना सम्ममा प्राप्त हुनु पर्ने सावा रकम |
| २५. | .........महिना सम्म प्राप्त भएको साँवा रकम |
| २६. | ..........महिना सम्म जम्मा ऋण लगानी गरे वापत प्राप्त हुनु पर्ने व्याज रकम |
| २७. | ......... महिना सम्म जम्मा ऋण लगानी गरे वापत प्राप्त भएको व्याज रकम |
| २८. | ....... महिना सम्मको जम्मा खर्च |
| २९. | ......... महिना सम्मको जम्मा आम्दानी |
| ३० | आकासले कसैलाई कारवाहीको सिफारी गरेको छ वा छैन , छ भने कसलाई के विषयमा गरेको हो ? |
| ३१. | संस्थाका विभिन्न पदाधिकारीले लगेको जम्मा ऋण रकम र धितो तथा विना धितो लगेको रकम , उनीहरुले फिर्ता गरेको व्याज तथा साँवा रकम , उनीहरुको भाखा नाघेको रकम, विभिन्न कोषमा भएको रकमहरु |
| ३२. | संस्थाका विभिन्न कर्मचारीले लगेको जम्मा ऋण रकम र धितो तथा विना धितो लगेको रकम , उनीहरुले फिर्ता गरेको व्याज तथा साँवा रकम , उनीहरुको भाखा नाघेको रकम |
| ३३. | संस्थाले आवश्यक ठानेको तथा सम्वन्धित अन्य निकायले तोकेका सूचकहरु |
| ३४. | स्वतन्त्र लेखा परीक्षकको नियुक्तिको लागि अपनाईएको विधि वा प्रक्रिया |
| ३५. | धितो मूल्यांकन कर्ताको छनौट प्रक्रियाको लागि अपनाईको छनौट विधि |
| ३६. | संस्थामा कुनै समिति वा उप समितिमा एकाघरका वा नजिकका नाताका व्यक्तिहरु कुन पदमा के कति छन् ? |
| ३७. | सन्चालक समितिका व्यक्तिहरुको एकाघरका वा नजिकका नाताका व्यक्तिहरु कर्मचारीको मुख्य पदमा छन् कि छैनन् । |
| ३८. | संस्थाका कुनै पदाधिकारी वा कर्मचारीले संस्थागत कामकाज गर्दाका वखत कुनै जरीवाना तिरेका छन वा छैनन् ? |
| ३९. | संस्थाका कुनै पदाधिकारी वा कर्मचारीको संस्थागत रुपमा कामकाग गर्दा भएको कमजोरी वा गल्तीका कारण कुनै चल अचल सम्पत्ति रोक्का भएको छ छैन , छ भने के , कुन निकायले रोक्का राखेको |

## अनुसूची ४

### मापदण्डको दफा २२ सँग सम्वन्धित

प्रवन्धकले सवै समिति तथा उप समितिका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूलाई अनुशिक्षण गराउनु पर्ने

तपसिल बमोजिमको विषयमा संस्थाका प्रवन्धकले संस्थाका पदाधिकारीरू , सदस्यहरू र कर्मचारीहरूलाई दफा ९२ बमोजिम तपसिल बमोजिमको विषयमा आवश्यक कार्यपत्र वनाई अनुशिक्षण गराउनु पर्नेछ

१) सहकारीसँग सम्वन्धित संघीय, प्रादेशिक तथा स्थानीय कानून र संस्थाको विनियम, नीति तथा कार्यविधिहरूमा उल्लेख भए बमोजिम के गर्न हुने, के गर्न नहुने, कहिले सम्म गर्नु पर्ने, कसले गर्नु पर्ने, गरे के सजाय हुने, कति वा कस्तो सजाय हुने, कसलाई सजाय हुने ।

| सि. नं. | कानूनको किसिम | सम्वन्धित ऐन कानूनको नाम | दफा, नियम, उप दफा (कहाँ व्यवस्था गरेको छ ।) | के गर्नु नहुने | के गर्नु पर्ने | कहिले गर्नुपर्ने | कसले गर्नुपर्ने | नगरे के सजाय हुने | कति सजाय हुने | कसलाई हुने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | संघीय कानून | | | | | | | | | |
| २. | प्रादेशिक कानून | | | | | | | | | |
| ३. | स्थानीय कानून | | | | | | | | | |
| ४. | संस्थाको विनियम | | | | | | | | | |
| ५. | संस्थाको अन्य नीति, कार्यविधि | | | | | | | | | |

## अनुसूची ५
## मापदण्डको दफा २५ सँग सम्वन्धित

**SAS अनुगमन तथा मूल्यांकनको विधि तपसिल बमोजिम हुनेछ ।**

SAS भन्नाले SEKYYOS Analysis System भन्ने बुझिन्छ । यस अनुगमनमा संस्थालाई आफ्ना सम्पूर्ण गतिविधिहरू प्रति सदस्य र सम्वन्धित सवै सरोकार राख्ने पक्षहरूलाई यथार्थ, वास्तविक, पारदर्शि र विश्वसनीय ढंगले जानकारी गराउन आवश्यक पर्ने सम्पूर्ण सूचकहरू पर्दछन् । यी सूचकहरू समय सापेक्ष रूपमा तलमाथि वा हेरफेर हुन सक्नेछन् । यसका विभिन्न सूचकहरूर मध्ये महत्वपूर्ण सूचकहरूको विश्लेषण तपसिल बमोजिम गरिनेछ ।

१) **शासकीय सूचकांक** : यस अन्तर्गत निम्न सूचकहरू पर्दछन् ।

**क) बैठक तथा उपस्थिति** : यसमा संस्थाको सभा तथा विभिन्न समिति तथा उप समितिका बैठकहरू पर्दछन् । ती सभा तथा समिति तथा उप समितिहरूमा (१) साधारण सभा तथा विशेष साधारण सभा (२) सन्चालक समिति (३) आकास (४) लेखा सुपरिवेक्षण समिति (५) सल्लाहाकार समिति (६) सहकारी शिक्षा समिति ( ७) ऋण लगानी उप समिति मुख्य पर्दछन् ।

**क.क) साधारण सभामा वा विषेश साधारण सभामा उपस्थित सदस्य सख्या तथा बैठक संख्याको विश्लेषण** :

$$\frac{\text{सभामा जम्मा उपस्थित सदस्य संख्या}}{\text{संस्थाका जम्मा सदस्य सख्या}} \quad \text{१}$$

यदि विशेष साधारण सभा वसेको छ भने त्यसको पनि यहि सूत्र बमोजिम विश्लेषण गरिन्छ र दुवैबाट आएको अंकको औषत निकाल्नु पर्दछ ।

**क.ख) समिति तथा उप समितिहरुको वैठकमा उपस्थित संख्या र वैठक सख्याको विश्लेषण** :

हरेक समिति वा उप समितिको बैठक कम्तीमा महिनाको एक पटक वस्नु पर्नेछ । यस्तो प्रत्येक समिति तथा उप समितिको बैठक संख्या तथा त्यसमा सदस्यहरूको उपस्थितिको अवस्थाको विश्लेषण तपसिल बमोजिम गरिनेछ ।

$$\frac{\text{प्रत्येक बैठकमा उपस्थित जम्मा सदस्य संख्या}}{\text{समिति वा उप समितिको तत्काल कायम रहेको सदस्य संख्या X बैठक सख्या}} \quad \text{२}$$

(नोट : यस विश्लेषणमा यदि कुनै समिति वा उप समितिको वैठक कुनै महिना वसेन भने वार्षिक रूपमा हुने विश्लेषणमा यो सूचकको नतिजा कमजोर देखिन्छ किनकि बैठक वसे पनि वा नवसे पनि आषाढ मसान्तमा मसान्त सम्म वसेको बैठकमा जम्मा उपस्थित सदस्य सख्यालाई तत्काल कायम रहेको जम्मा सदस्य सख्या **X** १२ ( आषाढ सम्मको जम्मा महिना वा एक आर्थिक वर्षको जम्मा महिना ) ले भाग गरिन्छ ।

**ख) अनुगमन** : यस अन्तर्गत संस्थाले कुनै पनि सदस्यलाई ऋण लगानी गर्दा आकास वा आकासले गठन गरेको अनुगमन सहजीकरण समूहले त्यस्ता लगानीको क्षेत्रको कम्तीमा तीन पटक अनुगमन गर्नु पर्दछ जसमा पहिलो पटक सदस्यले ऋण माग गर्न दिएको निबेदनका आधारमा यदि ऋण लगानी उप समितिले अनुसूची २६ बमोजिम लगानीको लागि सन्चालक समितिलाई सिफारीस गर्दछ भने त्यसरी सिफारीस भई पहिलो किस्ता लगानी निकासा वा भुक्तानी दिनु पूर्व, त्यस पछि पहिलो किस्ता लगि सो वरावरको कामकाज गरि सके पश्चात दोस्रो पटक र अन्तिम किस्ता लगि कामकाज सम्पन्न गरे पश्चात तेस्रो वा अन्तिम अनुगमन गरिने छ । यस्तो अनुगमन ऋण माग भई लगानीको लागि भएको सिफारीस, भुक्तानी भएको पहिलो एवं दोस्रो किस्ताका आधारमा प्रत्येक महिनामा गर्नु पर्ने अनुमानित वा अपेक्षित अनुगमन सख्या र सो महिनामा अनुगमन गरिएको वास्तविक संख्याका आधारमा तपसिल बमोजिम विश्लेषण गरिन्छ ।

$$\frac{\text{प्रत्येक महिनामा अनुगमन गरिएको वास्तविक जम्मा अनुगमन संख्या}}{\text{सो महिनामा अपेक्षा गरिएको जम्मा अनुगमन संख्या}} \qquad ३$$

**ग) विशेष निर्णय कार्यान्वयनको अवस्था** : यस अन्तर्गत साधारण सभा , विशेष साधारण सभा, समिति तथा अन्य उप समितिबाट भएको जम्मा निर्णयहरूलाई विशेष निर्णय र सामान्य निर्णय गरी दुई भागमा विभाजन गरि विशेष निर्णयहरूको कार्यान्वयको अवस्थाको विश्लेषण तपसिल बमोजिम गरिन्छ ।

$$\frac{\text{प्रत्येक महिनामा जम्मा कार्यान्वयन भएको विशेष निर्णय संख्या}}{\text{प्रत्येक महिनामा भएको जम्मा निर्णय संख्या}} \qquad ४$$

**घ) जरिवाना असुलीको अवस्था** :

$$\frac{\text{संस्थाले सम्वन्धित निकायलाई तिरेको जरिवाना रकम :}}{\text{संस्थाले सम्वन्धित निकायलाई तिर्नु पर्ने जम्मा जरिवाना रकम}} \qquad ५$$

**(ङ) कर्मचारीको नियुक्तिको बारेमा भएको निर्णय, निर्णय अनुसार दिएको नियुक्ति तथा उनीहरुलाई तोकेको TOR को अवस्था :**

$$\frac{\dfrac{\text{कर्मचारीलाई नियुक्ति दिनको लागि भएको निर्णय संख्या + उनीहरूलाई दिएको नियुक्तिको संख्या + TOR पाएका कर्मचारी संख्या}}{३}}{\text{जम्मा कर्मचारी सख्या}} \qquad ६$$

(प्रष्टिकरण : यहाँ कर्मचारीलाई नियुक्ति दिनको लागि भएको निर्णय सख्या भन्नाले एक जना कर्मचारी नियुक्ति गर्ने विषयमा जतिवटा निर्णय भएको भए पनि त्यसलाई जम्मा एक ईकाइ वा संख्या मानिन्छ । )

**(च) सहकारी शिक्षा सन्चालनको अवस्था :**

सहकारी शिक्षा सम्वन्धी सन्चालन गरेको कार्यक्रम सख्या : ७

सहकारी शिक्षा सम्वन्धी कार्यक्रम सन्चालन गर्न लक्ष लिएको कार्यक्रम संख्या

**(छ) कर्मचारी तथा प्रतिनिधिहरुलाई दिएको तालिमको अवस्था :**

कर्मचारी तथा प्रतिनिधिहरूका लागि सन्चालन गरिएको तालिमको वास्तविक संख्याः ८

कर्मचारी तथा प्रतिनिधिहरूका लागि सन्चालन गर्न लक्ष्य लिएको तालिमको वास्तविक संख्या

**(ज) संस्थामा रहेका विभिन्न समिति तथा उप समितिमा नजिकको नाताका व्यक्तिहरुको संलग्नता वा उपस्थिति तथा उनीहरुको नजिकको नाताका कर्मचारीहरुको अवस्था :**

संस्थाका विभिन्न समिति, उप समितिमा भएका नजिकको नाताका व्यक्तिहरूको संख्या + त्यस्ता व्यक्तिहरूको नजिकको नाताका कर्मचारीको सख्या ९

२

संस्थाका विभिन्न समिति तथा उप समितिका मुख्य पदाधिकारीहरूको संख्या

(नोटःमुख्य पदाधिकारी भन्नाले सन्चालक समितिका सदस्य वाहेकका अन्य पदाधिकारीहरू, लेखा सुपरीवेक्षण समितिको संयोजक, आकासको संयोजक, ऋण लगानीको उप समितिको संयोजक , शिक्षा उप समितिको संयोजक र सल्लाहाकार समिति गठन भएको भए त्यसको संयोजक लाई वुझाउँछ ।

**२) हितोपयोगी सूचकांक :**

यस सूचकांक अन्तर्गत संस्थाले सदस्यको हितमा गरेको कामहरूको विश्लेषण गरिन्छ । संस्थाले प्रत्येक महिनामा गरेको सदस्यको हित उपयोगी कार्यक्रमको अपेक्षा वा लक्ष्य के कति वा कस्तो राखेको थियो र त्यसको कार्यान्वनको अवस्था कस्तो रह्यो भन्ने कुराको विश्लेषण तपसिल बमोजिम गरिन्छ ।

सो महिनामा कार्यान्वय गरेको त्यस्तो कार्यक्रमको वास्तविक संख्या १०

प्रत्येक महिनामा संस्थाले लक्ष्य राखेको सदस्यको हित उपयोगी कार्यक्रमको संख्या

**३) वित्तीय सूचकांक :**

यस सूचकांक अन्तर्गत संस्थाको वित्तीय विषयका तपसिल बमोजिमका विविध क्षेत्रहरूको अनुगमन तथा विश्लेषण गरिन्छ ।

(क) भाखा नाघेको ऋण र असुलीको अवस्था :

वास्तविक रूपमा असुल उपर भएको भाखा नाघेको ऋण रकम ११

भाखा नाघेको ऋण रकम :

(ख) भाखा नाघेको ऋण रकम असुल उपर गर्न संस्थाले लिएको लक्ष्यको अवस्था :

भाखा नाघेको ऋण असुल उपर भएको रकम : १२

भाखा नाघेको ऋण असुल उपर गर्न लक्ष्य लिएको रकम

(ग) वित्तीय जोखिमको अवस्था :

भाखा नघाएको ऋणीले संस्थाबाट पाउनु पर्ने कुनै रकम भए सो रकम+ मूल्यांकनकर्ताबाट मूल्यांकन गराएर राखेको ऋणीको धितो +

ऋण डुवन्त कोषमा भएको रकम : / भाखा नाघेको जम्मा ऋण रकम — १३

(घ) लगानी भएको ऋणको सावाँ व्याज फिर्ताको अवस्था :

(१) सावाँ फिर्ता सम्वन्धमा

वास्तविक रूपमा फिर्ता भएको सावाँ रकम / फिर्ता हुनु पर्ने साँवा रकम — १४

(२) ऋणको व्याज प्राप्ती सम्वन्धमा :

वास्तविक रूपमा प्राप्त भएको व्याज रकम / प्राप्त हुनु पर्ने जम्मा व्याज रकम — १५

(ङ) ऋणीहरूको वचत र उनीहरूले लिएको ऋणको अवस्था :

ऋणीहरूको जम्मा वचत + मूल्याङ्कन भएको धितो / ऋणीहरूले लिएको जम्मा ऋण — १६

(च) सन्चालक, कर्मचारी, तथा अन्य पदाधिकारीले लिएको ऋणको अवस्था :

(१) सन्चालकहरूले लिएको जम्मा ऋण रकम : / लगानी भएको जम्मा ऋण रकम — १७

(२) कर्मचारीहरूले लिएको जम्मा ऋण रकम / लगानी भएको जम्मा ऋण रकम — १८

(३) अन्य पदाधिकारीहरूले लिएको ऋण रकम / लगानी भएको जम्मा ऋण रकम — १९

(नोटः अन्य पदाधिकारी भन्नाले संचालक बाहेक अन्य समिति, उपसमितिका पदाधिकारी तथा सदस्यलाई बुझाउँने छ ।)

(४) अन्य सदस्यहरूले लिएको जम्मा ऋण रकम / लगानी भएको जम्मा ऋण रकम — २०

(नोटः अन्य सदस्य भन्नाले कुनै पनि समिति, उपसमितिमा नभएका साधारण सदस्यलाई बुझाउँने छ ।)

(५) विभिन्न संरक्षित कोषमा छुट्याउनु पर्ने रकम बमोजिम बैकका सम्वन्धित खाताहरूमा जम्मा रहेको रकम / त्यस्ता कोषमा छुट्याउनु पर्ने जम्मा रकम — २१

(६) संचालकहरूको बचत + मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराई राखेको निजहरूको धितो बापतको रकम / उनिहरूले लिएको जम्मा ऋण रकम — २२

**(७) वित्तीय जोखिम व्यवस्थापनको अवस्था :**

भाखा नाघेको ऋणीले संस्थाबाट पाउन बाँकी रहेको रकम + मूल्यांकनकर्ताबाट मूल्यांकन गरी राखिएको धितो वापतको रकम + जोखिम व्यवस्थापन कोष वा ऋण डुवन्त कोषको बैक खातामा रहेको रकम

+ ऋणीबाट मूल्याङ्कन गरी थप लिएको धितो     २३
भाखा नाघेको जम्मा ऋण रकम

**(८) आम्दानी खर्चको अवस्था**:     संस्थाको आम्दानी     २४
खर्च

(नोटः यस सूचकमा १ वा सो भन्दा कम अंक आए घटाईने र १ भन्दा माथि आए जोडिने गरिन्छ ।)

(नोटः (१) यसमा माथि उल्लेख भए बमोजिम विभिन्न शीर्षकहरू वापतको जम्मा रकम भाखा नाघेको ऋण रकम भन्दा कम देखिएमा कम देखिए जति रकमको व्यवस्थापनको लागि संस्थाका सन्चालकहरूको जायजेथा रोक्का गर्नको लागि आकाशले नगरपालिकालाई सिफारीस गर्नु पर्ने वा यसरी सिफारीस भई नआए पनि रोक्का राख्न आवश्यक छ भन्ने नगरलाई लागेमा नगरले पनि सम्वन्धित सन्चालकहरूको सम्पत्ति रोक्का राख्न सक्नेछ । संस्थाले यसमा उल्लेख भए बमोजिमको अपुग भएको रकम वरावरको थप धितो सम्वन्धित ऋणीहरूबाट प्रचलित कानून बमोजिम लिएको आवश्यक प्रमाण संलग्न गरेको व्यहोरा सहित सन्चालकको रोक्का रहेको सम्पत्ति फुकुवा गर्न आकासले सिफारीस गरेमा नगरले सन्चालकको रोक्का रहेको सम्पत्ति फुकुवा गरिदिने छ ।

(२) यस SAS अनुगमनको मूल्यांकन तथा विश्लेषणबाट प्राप्त नतिजाहरू मध्ये जुन विषय अन्तर्गतको अंक कम हुँदा संस्थालाई राम्रो हुन्छ त्यो अंक घटाउने र जुन विषयको अंक वढी हुँदा संस्थालाई राम्रो हुन्छ, त्यसलाई जोडी ती सम्वन्धित सवै सूचकको संख्याले भाग गरी औषत अंक निकाली संस्थाको एकिकृत नतिजा प्रकाशन हुन्छ । तर संस्थालाई पुरस्कृत गर्ने वा स्तरीकरण गर्ने विषयमा भने प्रत्येक सूचकको छुट्टाछुट्टै र विस्तृत विश्लेषण गरिन्छ । माथि वित्तीय सूचकांक अन्तर्गत संस्थाका सवै समिति, उप समितिमा रहका सवै व्यक्तिहरू, र कर्मचारीहरूले लिएको ऋण सम्वन्धी विश्लेषण बाट प्राप्त अंक घटाईन्छ )

(३) माथि विभिन्न सूचकहरूको संकेत नं. १ देखि २३ सम्मका सूचकबापत प्राप्त अंकहरूको अन्तिम विश्लेषण तपशिल बमोजिम गरिनेछ ।

१+२+३+४+५+६+७+८–९+१०+११+१२+१३+१४+१५+१६–१७–१८
–१९+२०+२१+२२+२३±२४
२४
= अन्तिम नतिजा

## अनुसूची ६
## मापदण्डको दफा २६ सँग सम्वन्धित

**DUNGVE** विश्लेषण विधि तपसिल बमोजिम हुनेछ ।

DUNGVE भन्नाले संस्थाको SAS अनुगमनबाट प्राप्त विभिन्न सूचकहरूको अवस्थालाई तपसिल बमोजिमको गरिने वर्गीकरणलाई बुझाउँछ जसमा,

१) D = Death
२) U = Under Weight
३) N = Normal
४) G = Good
५) V = Very Good , and
६) E = Excelent

माथि उल्लेखित ६ वटा अवस्थाहरू मध्ये यदि सम्वन्धित सूचकको अवस्था तपसिल बमोजिम छ भने त्यसलाई देहाय बमोजिम विश्लेषण गरिन्छ

१) ० देखि माथि ६० सम्म, संस्थामा कुनै सूचक यस्तो अवस्थामा छ भने सो विषय वा क्षेत्रमा संस्थाको अवस्था मृत (Death) जस्तै छ भन्ने वुझिन्छ ।
२) ६० देखि माथि ७५ सम्म भए कुपोषित (Under Weight) जस्तै छ भन्ने बुझाउँछ ।
३) ७५ देखि माथि ८५ सम्म भए सामान्य (Normal ) छ भन्ने वुझिन्छ ।
४) ८५ देखि माथि ९० सम्म भए राम्रो (Good) भन्ने वुझिन्छ ।
५) ९० देखि माथि ९५ सम्म धेरै राम्रो (Very Good) भन्ने वुझिन्छ ।
६) ९५ भन्दा माथि उत्कृष्ट (Excellent ) भन्ने वुझिन्छ ।
(नोट : यसमा अन्तिम नतिजाको लागि गरिने विश्लेषण हिसावमा जुन विषय वा क्षेत्रको अंक घटाईन्छ, त्यो अंक कम भएको र जुन विषय वा क्षेत्रको अंक जोडिन्छ त्यो अंक वढी भएको राम्रो मानिन्छ । )

## अनुसूची ७

### मापदण्डको दफा ३२ सँग सम्वन्धित

### वचत पास वुकको नमूना

संस्थाको वचत पासवुकमा संस्थाको नाम, ठेगाना, दर्ता नं. प्यान नं. फोन नं., ईमेल ठेगाना, संस्थाको कार्यक्षेत्र, वचतमा प्रत्येक महिना पाएको व्याज रकम र सन्चालक समितिका पदाधिकारीहरूको तपसिल बमोजिमको विवरण, वचत कर्ताको नाम थर, सदस्यता नं.  ठेगाना सहित उल्लेख हुने गरी निम्न बमोजिम यसको ढाँचा तयार गर्नु पर्नेछ ।

| सि. नं. | पद | नाम थर | कार्यकाल | स्थायी ठेगाना | नागरिकता नं. | जारी मिति | जारी जिल्ला | ब.स. द.नं. |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |
| ११. | | | | | | | | |

(व.स. द. नं. भनेको त्यस्तो व्यक्ति अन्यत्रबाट वसाईसराई गरी कतैबाट आएको भए , सम्वधित वडामा दर्ता गरेको वसाई सराई दर्ता प्रमाण पत्र भन्ने वुझाउँछ ।

| अध्यक्ष | उपाध्यक्ष | कोषाध्यक्ष | सचिव |
|---|---|---|---|
| | | | |

**तपसिलको कुराहरु हामी सवैले नियमित रुपमा पढौं, बुझौं र गरौं ।**

१. सन्चालकहरू बनेपाका स्थायी बासिन्दा हुन कि हैनन्, चिनौं, वुझौं ।

२. सन्चालक तथा कर्मचारी र उनीहरूको एकाघरका नाताका व्यक्तिहरूले के कति रकम, कसरी, केका लागि ऋण लगेका छन्, समयमा तिरेका छन् कि छैनन्, प्रक्रिया र नियम अनुसार गरेको छन् कि छैनन्, बुझौं ।

३. संस्थाको साधारण सभा र सहकारी शिक्षा हाम्रा लागि हुन , अनिवार्य सहभागी बनौं ।

४. संस्थाले स्व मूल्यांकनको नतिजा महिनै पिच्छे सार्वजनिक गरेको छ कि छैन, ख्याल गरौं ।

५. संस्थाको स्व मुल्यांकन भनेको के हो ? संस्थामा गएर वुझौं, सोधौं ।

६. हाम्रो वचत जोखिममा छ, छैन नियमित रूपमा चासो राखौं ।

७. संस्थाले कस्तो क्षेत्रमा वढी लगानी गरेको छ , बुझौं ।

८. संस्थाले सदस्यको हितमा कस्तो कार्यक्रम ल्याएको छ बुझौ ।

९. संस्थामा नियमित वचत गरौं, संस्थालाई तिर्नु पर्ने सावा, व्याज समयमै तिरेर संस्था र नगरपालिकाबाट हुने जरिवानाबाट वचौं ।

१०. सस्थाबाट अन्य सदस्य वा छर छिमेकीले लिएको ऋणको सदुपयोग भए नभएको ख्याल गरौं । दुरूपयोग भए संस्थालाई जानकारी गराऔं ।

११. बनेपालीको वचत बनेपालीले नै चलाएको सहकारीमा गरौं, आफ्नो वचत सुरक्षित गरौं ।

१२. सन्चालकले वचतको दुरूपयोग गरे उनीहरूबाट असुल उपर गर्ने जायजेथा के छ, ख्याल गरौं ।

१३. संस्थामा वचत गरेर वढी व्याज लिने भन्दा पनि संस्थाबाट वढी सेवा, सुविधा लिने कुरामा विश्वास गरौ ।

१४. जुन पायो त्यही संस्थामा वचत गर्ने र जो सुकैले भनेको कुरामा विश्वास गरी पछि पछुताउने काम नगरौं ।

१५. आफ्ना कुनै गुनासो भए संस्थामा गएर राखौ, चित्त नवुझे नगरपालिकाको सहकारी शाखामा निबेदन गरौं ।

१६. सहकारी सहितको सभ्य समाज, खुशी भएर वाँचौ भन्ने बनेपालीको आवाज भन्ने भावनाको बिकास गरौ ।

१७ संस्था हाम्रो साझा सम्पत्ति हो, यसलाई सवैले माया गरौ, सवैले सहयोग गरौं ।

१८. संस्था आफै खराव कहिल्यै हुँदैन, यसमा गलत गर्ने जो कोहीलाई पनि कानूनी कारवाहीको लागि सवैले सहयोग गरौं ।

## बचत पासबुकको नमूना

| मिति | वचतको प्रकृति | दैनिक वचत रकम | वचत लिनेको परिचय पत्र नं | वचत लिनेको सही | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(नोट : माथि (१) मा अघिल्लो महिनाको वचत, (२) मा अघिल्लो महिनासम्मको जम्मा वचत (३) मा व्याज दिन योग्य जम्मा वचत, (४) मा अघिल्लो महिना सम्मको दिनु पर्ने जम्मा व्याज रकम र (५) मा सावाँ, व्याज हिसाव गर्नेको नाम, थर, पद र सही उल्लेख गर्ने )

## अनुसूची-८
### मापदण्डको दफा (३३) सँग सम्बन्धित

समिति तथा उप समितिका पदाधिकारीहरुको विवरण

सहकारीको नाम

ठेगाना

समिति / उप समितिको नाम

| सि नं. | निर्वाचन भएको मिति | निर्वाचित पटक | पद | पदाधिकारीको नाम | स्थायी ठेगाना | घरको पूर्जा (स्क्यान गर्ने) | बुवाको नाम | बाजेको नाम | पति / पत्नीको नाम | नागरिकता नं. | जारी गर्ने कार्यालय | जारी मिति | परिवार सदस्य संख्या | नाता | वसाइ सराइ दर्ता प्रमाण पत्र ( स्क्यान गरेर राख्ने ) | नागरिकताको प्रमाण पत्र ( स्क्यान गरेर राख्ने ) | औंठाछाप | | फोन नं. | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | दायाँ | बायाँ | | |
| 1 | | | | | | | | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | | | | | | | | |
| 6 | | | | | | | | | | | | | | | | | | | | |
| 7 | | | | | | | | | | | | | | | | | | | | |
| 8 | | | | | | | | | | | | | | | | | | | | |
| 9 | | | | | | | | | | | | | | | | | | | | |
| 10 | | | | | | | | | | | | | | | | | | | | |
| 11 | | | | | | | | | | | | | | | | | | | | |

**आज्ञाले,**
**भोला प्रसाद चापागाईं**
**प्रमुख प्रशासकीय अधिकृत**